# DAILY NEWSLETTER

As of FEB 23, 2026

सर्वगुण Investor's Club

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## नेप्से हरियो क्यान्डलमा बन्द, अन्तिम आधा घण्टामा देखियो बलियो मोमेन्टम

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आज **२१ अंकले वृद्धि हुँदै हरियो क्यान्डलमा बन्द** भएको छ। कुल कारोबार रकम **४ अर्ब रुपैयाँभन्दा बढी** रहनुले बजारमा पछिल्लो समय लगानीकर्ताको सहभागिता क्रमशः बढ्दै गएको देखिन्छ। अघिल्ला दिनको तुलनामा बजारमा खरिदकर्ताको उपस्थिति बलियो देखिएको दिनको रूपमा आजको कारोबारलाई लिन सकिन्छ। **इन्ट्राडे कारोबार विश्लेषण** अनुसार बजार खुलेदेखि नै सकारात्मक लयमा देखिएको थियो। परिसूचकले क्रमशः **हायर हाई संरचना** बनाउँदै माथिल्लो स्तर परीक्षण गरेको थियो, जसले छोटो अवधिको लागि बजारमा बुलिस सेन्टिमेन्ट बलियो हुँदै गएको संकेत गर्छ। सुरुवाती समयमा देखिएको खरिद चापले बजारलाई माथिल्लो स्तरतर्फ लैजान सहयोग गरेको थियो।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा Below छ । |
| MACD | नेप्सेमा हाल MACD मा Buying (Weak) देखिएको छ । |
| RSI | RSI 43 पुगेको देखिन्छ । |

| | |
|---|---|
| Support | 2580 |
| Resistance | 2680 |

**दोस्रो आधादेखि बजारमा केही सुस्तता** देखिएको थियो। यस अवधिमा नेप्से परिसूचक **२६२० देखि २६३० अंकको सीमित दायरामा** कारोबार हुँदै बजार समायोजन (consolidation) अवस्थामा रहेको देखियो। यसले लगानीकर्ताहरूबीच प्रतिक्षा र नाफा सुरक्षित गर्ने प्रवृत्ति देखिएको संकेत गर्छ।

कारोबारको **अन्तिम आधा घण्टामा भने बजारमा पुनः उत्साह देखियो**। अन्तिम समयमा बढेको खरिद चापले परिसूचकलाई माथि धकेल्दै सकारात्मक बन्द हुन सहयोग गरेको थियो। विशेषगरी पछिल्लो समय चर्चामा रहेका **Gen Z स्टक** समूहअन्तर्गत पर्ने सागर र बन्दीपुर कम्पनीहरूको मूल्य वृद्धिले बजारलाई अन्तिम समयमा गति दिएको देखिन्छ।आगामी दिनमा कारोबार रकम वृद्धि, महत्वपूर्ण प्रतिरोध स्तरको ब्रेकआउट तथा बैंकिङ तथा अन्य मुख्य सेक्टरहरूको प्रदर्शनले बजारको आगामी दिशा निर्धारण गर्ने देखिन्छ।